# स्थानीय राजपत्र

छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

खण्डः ३) छत्रकोट गाउँपालिका, मितिः २०७६/०३/२५ (संख्याः ४

## भाग–१

### छत्रकोट गाउँपालिका, गुल्मी

### संवत् २०७६ सालको ऐन नं. ४

### ऐनको नाम : छत्रकोट गाउँपालिकाको नगर प्रहरी (संचालन तथा व्यवस्थापन) ऐन, २०७६

**गाउँ सभाबाट स्वीकृत मितिः २०७६/०३/२२**

प्रस्तावनाः

छत्रकोट गाउँपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी उक्त क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्न, गाउँपालिका एवं गाउँ कार्यपालिकाको निर्णयहरुको कार्यान्वयन गर्न, आपतकालीन अवस्थामा राहत र उद्धार कार्य गर्न, अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण, रोकथाम तथा नियन्त्रण गर्ने

लगायत गाउँपालिकाको कार्यकारी र प्रशासनीय कार्य सम्पादनमा सहयोग पुऱ्याउने कार्यका लागि नगर प्रहरी संचालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम छत्रकोट गाउँपालिका गाउँसभाले यो ऐन बनाइ जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनलाई छत्रकोट गाउँपालिकाको नगर प्रहरी (संचालन तथा व्यवस्थापन) ऐन, २०७६ भनिनेछ ।

(२) यो ऐन गाउँसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि छत्रकोट गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले छत्रकोट गाउँपालिकाको नगर प्रहरी (संचालन तथा व्यवस्थापन) ऐन, २०७६ लाई सम्झनु पर्दछ ।

(ख) "संघीय ऐन" भन्नाले प्रहरी सम्बन्धी संघीय संसदले बनाएको ऐन सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले छत्रकोट गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउनेछ ।

(घ) "नगर प्रहरी" भन्नाले यस ऐन बमोजिम नियुक्त नगर प्रहरी कर्मचारी सम्झनु पर्दछ ।

(ङ) "नगर प्रहरी प्रमुख" भन्नाले आफु मातहतको जनशक्तिलाई आन्तरिक रुपमा कमाण्ड गर्ने प्रमुख नगर प्रहरी अधिकृत भन्ने सम्झनु पर्दछ ।

(च) "अध्यक्ष" भन्नाले गाउँपालिकको अध्यक्षलाई जनाउनेछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले छत्रकोट गाउँपलिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "सभा" भन्नाले छत्रकोट गाउँपालिकाको गाउँसभालाई जनाउनेछ ।

(झ) "स्थायी पद" भन्नाले म्याद नतोकिएको गाउँपालिकाको सभाद्वारा स्वीकृत स्थायी पद सम्झनु पर्दछ ।

(ञ) "सेवा करार" भन्नाले यस ऐन बमोजिम स्वीकृत दरबन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

परिच्छेद–२

## नगर प्रहरी गठन तथा नियुक्ति

३. **नगर प्रहरीको गठन** :

(१) गाउँपालिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ ।

(२) नगर प्रहरी सेवाका विभिन्न तहका पदहरु, विभिन्न पद अन्तरगत रहने प्रहरी कर्मचारीहरुको दरबन्दी संख्या गाउँसभाले निर्धारण गरे अनुसार हुनेछ र सो अनुसारको पदपूर्ति गाउँपालिकाले तोकिएअनुसार गर्नेछ ।

४. **नियुक्तिको प्रमाण पत्र** : नगर गाउँपालिकाको नगर प्रहरी निरीक्षक वा त्यस देखि मुनीका हरेक प्रहरी कर्मचारीलाई नियुक्ति हुँदा

तोकिए बमोजिमको प्रमाणपत्र प्रमुख प्रशासकीय अधिकृतले प्रदान गर्नेछ ।

५. **गाउँपालिकाको अधिकार** : नगर प्रहरीको योग्यता, काम ,कर्तव्य, अधिकार र सेवा, सर्त निर्धारण गर्ने अधिकार गाउँपालिकामा रहनेछ। तोकिए बमोजिम काम, कर्तव्य र अधिकारको प्रयोग तथा सेवा, सर्तको पालना गर्नु प्रत्येक नगर प्रहरीको कर्मचारीको कर्तव्य हुनेछ।

६. **नियुक्ति, बढुवा, बर्खासी र अन्य विभागीय सजाय** : नगर प्रहरीको नियुक्ति, बढुवा ,बर्खासी तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद–३

## शान्ति सुरक्षा तथा सजाय

७. **सार्वजनिक शान्ति र सुरक्षा कायम गर्नका लागि विशेष प्रवन्धः** नगर प्रहरीले गाउँपालिका भित्रको सार्वजनिक शान्ति सुरक्षा कायम गर्न प्रादेशिक तथा नेपाल प्रहरी सँग समन्वय गरी शान्ति सुरक्षाको प्रबन्ध गर्न सक्नेछ ।

८. **अपराध र सजाय** : कुनै नगर प्रहरी कर्मचारीले प्रचलित कानून विपरित कसुर गरेमा प्रचलित कानून बमोजिम सजाय हुने र विभागिय सजायका हकमा तोकिए बमोजिम हुनेछ ।

९. **कर्तव्य पालना गर्दा असल नियतले काम गरेमा नगर प्रहरी दोषी नहुने** : गाउँपालिकाको आवश्यक काम गर्दा असल नियतले गरेको काममा दोषी करार गरिने छैन ।

## परिच्छेद–४

## विविध

**१०. विदा सम्बन्धी व्यवस्था** : नगर प्रहरीको विदा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. अवकाश तथा तालिम सम्बन्धी व्यवस्था** : नगर प्रहरीको अवकाश तोकिए बमोजिम हुनेछ ।

**१२. नियमावली र कार्यविधि बनाउन सक्ने** : यस ऐनको उद्देश्य प्राप्तीको लागि गाउँ कार्यपालिकाले आवश्यक नियमावली कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।

प्रमाणिकरण मितिः २०७६/०३/२५

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत